# २०७९ सालको कार्यविधि नं. ४

# सुत्केरीसँग उपाध्यक्ष तथा पोषण भत्ता वितरण कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मिति : २०७९।०६।११

**प्रस्तावना**

नेपालको संविधानले प्रत्यक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभुत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबैको समान पहुँच रहने कुरालाई मौलिकहकको रुपमै प्रत्याभूत गरेकोले गुणस्तरीय स्वास्थ्य तथा पोषण प्रबर्द्धन गर्न गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरु र अन्य सरकारी संस्थाहरुमा सुत्केरी हुने आमाहरुको स्वास्थ्य स्थितीमा सकारात्मक सुधार ल्याउन, आमा र नवशिशुलाई स्वास्थ्य राख्न आमाहरुको उच्च सहभागिताको सुनिश्चितता गर्दै आमा तथा बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक विकासमा सुधार ल्याउन पोषिलो खाना खान उत्प्रेरित र सशक्तिकरण गर्न बाञ्छिनीय भएकोले,

सुस्ता गाउँपालिकाले प्रशासकीय कार्यविधि ऐन, २०७४ को दफा ४ को अधिकार प्रयोग गरी सुत्केरीसँग उपाध्यक्ष तथा पोषण भत्ता वितरण कार्यविधि, २०७९ बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम उपाध्यक्ष तथा पोषण भत्ता वितरण कार्यविधि , २०७९ रहेको छ ।

ख) यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरेको मिति बाट लागु हुनेछ ।



CamScanner

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) कुपोषित बालबालिका : भन्नाले बृद्धि अनुगमन गर्दा उमेरको हिसावले कम वा धेरै कम तौल भएको वा मध्यम शिघ्र कुपोषण वा कडा शिघ्र कुपोषणमा परेको बालबालिका सम्झनु पर्दछ ।

(ख) नियमित गर्भ जाँच भन्नाले : नेपाल सरकारले तोकेको प्रोटोकल अनुसार गरिएको गर्भ जाँचलाई सम्झनु पर्दछ ।

(ग) संस्थागत प्रसुती भन्नाले : अस्पताल, प्रा.स्वा.के. तथा बर्थिङ सेन्टरमा भएको प्रसुतीलाई सम्झनु पर्दछ ।

(घ) नियमित उत्तर प्रसुति जाँच : भन्नाले प्रसुती भएको २४ घण्टा भित्र , तेस्रो दिनमा र ७ औं दिनमा गरिएको जाँचलाई सम्झनु पर्दछ ।

(ङ) नियमित बृद्धि अनुगमन : भन्नाले बच्चा जन्मिए देखि २४ महिना पुरा नहुन्जेल सम्म प्रत्येक महिनामा गरि एको बृद्धि अनुगमनलाई सम्झनु पर्दछ ।

(च) बर्थिङ सेन्टर : भन्नाले प्रसुती सेवा उपलब्ध भएका स्वास्थ्य संस्थाहरुलाई बुझाउछ ।

३. **कार्यक्षेत्र :** सुस्ता गाउँपालिकाका सबै वडाहरु

४. **लक्षित बर्ग :** ६ देखि २३ महिनाका बालबालिका तथा नेपाल सरकारले प्रसुती सेवा संचालन गर्न मान्यता प्राप्त गरेका स्वास्थ्य संस्थाहरु मा प्रसुती सेवा लिएका सुस्ता गाउँपालिका भित्रका महिलाहरु ।

५. **उद्देश्यहरु :**

(क) बालबालिकाहरुमा कुपोषण घटाई कुपोषणको कारणले

हुने विरामी दर र मृत्यु दर घटाउने ।

(ख) पुर्णखोप उन्मुख गाउँपालिका बनाउने ।

(ग) नियमित गर्चजाँच बढाउने ।

(घ) संस्थागत प्रसुती बढाउने ।

(ङ) नियमित उत्तर प्रसुती जाँच बढाउने ।

(च) नियमित बृद्धि अनुगमन बढाउने ।

(छ) प्रसुती भएका महिलाहरुको तत्काल पोषणको अवस्थामा सुधार ल्याउने ।

६. उपध्यक्षसँग सुत्केरी कार्यक्रम अन्तर्गत देहाएका घरपरिवारका प्रसुती भएका महिलाहरुले पोषणयुक्त झोला, पोषण भत्ता र क्याल्सियम चक्की प्राप्त गर्नेछन् ।

(क) अस्पताल, प्रा.स्वा.के. तथा सुस्ता गाउँपालिका भित्रका बर्थिङ सेन्टरमा प्रसुती भएका महिलाहरुले पोषण भत्ता वापतको रकम रु २००० प्राप्त गर्न सक्नेछन् । अस्पताल, प्रा.स्वा.के. तथा सुस्ता गाउँपालिका भित्रका बर्थिङ सेन्टरमा प्रसुती नभएका महिलाले यो सुविधा प्राप्त गर्ने छैनन् ।

(ख) सुस्ता गाउँपालिका भित्रका सबै सुत्केरी महिलाहरुले पोषणयुक्त झोला प्राप्त गर्न सक्नेछन् ।

(ग) सुस्ता गाउँपालिका भित्रका सबै गर्भवती महिलाहरुलाई गर्भवती जाँच सँगै क्याल्सियम चक्की उपलब्ध गर ाईनेछ ।

७. पोषणयुक्त झोला र पोषण भत्ता वापतको रकम प्राप्त गर्न तपसिलका विवरण खुल्ने प्रमाणहरु पेश गर्नु पर्नेछ ।



CamScanner

(क) सुस्ता गाउँपालिका भित्र स्थायी घर भएका तथा अस्पताल, प्रा.स्वा.के. तथा सुस्ता गाउँपालिका भित्रका बर्थिङ सेन्टरमा प्रसुती भएको ।

(ख) नेपाल सरकारको प्रोटोकल अनुसार नियमानुसार गर्भजाँच गरेको ।

(घ) दुई वटा मात्र बच्चा भएको ।

दफा ६ (ख) बमोजिमको सुविधा दफा ७ बमोजिमको मापदण्ड पुरा नगरेको अवस्थामा समेत प्राप्त गर्न सक्नेछन् ।

८. दफा ७ को उपदफा (क), (ख) र (घ) प्रयोजनका लागि स्वास्थ्य संस्थाबाट जारि गरिएको प्रमाणलाई आधार मानिनेछ ।

**९. पोषणयुक्त झोलामा रहने सामाग्रीहरु :**

सेनेटरी प्याड - ३ प्याकेट

साबुन- ३

घ्यु १/२ के.जि.

अण्डा १ क्यारेट

चना १ के.जि.

जुवानो १ प्याकेट

पोषणयुक्त झोलाको लागि गाउँपालिकाले सुचिकृत फर्महरुसँग दर रेट माग गरी सम्झौता गर्न सक्नेछ र दफा १२ बमोजिमको समितिले गाउँपालिका बाट सम्झौता भएको फर्म बाट पोषणयुक्त झोला सुत्केरी महिलाहरुलाई उपलब्ध गराउने छ ।

१०. पोषणयुक्त झोलामा रहने सामाग्रीहरुको आपुर्ति सार्वजनिक खरिद ऐन नियमावली अनुसार हुनेछ ।

११. प्रसुती भएका महिलाहरुले पोषण भत्ता वापतको रकम रु २००० प्राप्त गर्न प्रसुति भएको संस्थाको आवश्यक कागजात/प्रमाणहरु राखी भरपाई गराई प्रत्येक मासिक समिक्षा बैठकमा त्यसको कागजातहरु बुझाउनु पर्नेछ ।

१२. पोषणयुक्त झोला तथा सुत्केरी भत्ता वितरणको रकम निर्धारण गर्न सुस्ता गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा देहाए बमोजिमको समिति रहने छ ।

१. उपाध्यक्ष (संयोजक)
२. सम्बन्धित वडाको स्वास्थ्य चौकी बाट १ जना स्वास्थ्यकर्मी
३. सम्बन्धित वडाको महिला वा दलित महिला सदस्य मध्य बाट १ जना (सदस्य)
४. सम्बन्धित वडाको महिला वा दलित महिला सदस्य मध्य बाट १ जना (सदस्य)
५. सम्बन्धित वडाको महिला स्वास्थ्य स्वयंसेविका बाट १ जना (सदस्य)
६. स्वास्थ्य शाखा प्रमुख (सदस्य सचिव)

१३. कार्यक्रमको कार्यालयबाट आवश्यकता अनुसार अनुगमन गर्न सकिनेछ ।

प्रमाणिकरण मिति: २०७९।०७।३०

आज्ञाले,
बुद्ध प्रकाश पौडेल
प्रमुख प्रशासकीय अधिकृत